पर्यटकिय नगरी
TOURISTIC MUNICIPALITY
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
कृषि सेवा शाखा
AGRICULTURE SERVICE SECTION

फिक्कल, इलाम कोशी प्रदेश, नेपाल ।
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं:-२०८०/०८१
चनं.:

मितिः२०८०।१०।१९
११४४ पोहेलागा, ७ शुक्रबार

बाली तथा पशु बीमाको प्रिमियममा अनुदान सम्बन्धी सूचना !!!

सूर्योदय नगरपालिकाको आ.ब. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम र **"बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८०"** अनुसार प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिने भएको हुनाले कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक/समूह/सहकारी तथा टोल विकास संस्थाहरुले बाली तथा पशुको बीमा गराई तपशिल अनुसारका अवश्यक कागजातहरु सहित कृषि तथा पशुसेवा शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस शाखाको फोन नं.०२७-५४०४४८ मा सम्पर्क गर्न सकिने छ।

**तपशिल**

| क्र.सं | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरु | निवेदन साथ संलग्न कागजातहरु | कैफियत |
|---|---|---|---|
| १. | कृषक/समूह/सहकारी तथा टोल विकास संस्था | • तोकिएको ढाँचामा रु. १० को टिकट टाँस गरेको निवेदन ।<br>• बाली तथा पशु बीमा गरेको बीमालेख र रसिदको प्रतिलिपि २/२ प्रति।<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति।<br>• फर्म भएमा फर्म दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति।<br>• बैंक खाता नम्बर – १ प्रति ।<br>• आ.ब. २०८०/०८१ को तिरो तिरेको रसिदको प्रतिलिपी १ प्रति।<br>• कृषक समूह/सहकारी तथा टोल विकास संस्थाको हकमा कार्यक्रममा सहभागी हुने निर्णयको प्रतिलिपी – १ प्रति। | पशु बीमाको हकमा कृषक समूह/सहकारी तथा टोल विकास संस्था मार्फत बीमा गराउनेलाई ग्राह्यता दिइनेछ । |

नोटः कार्यक्रमको लागि विनियोजित वजेट सम्पूर्ण खर्च भए पश्चात बीमामा अनुदान दिने कार्यक्रम स्वत रोकिने भएको हुदाँ तत्कालै बाली तथा पशुको बीमा गराई यो कार्यक्रमबाट लाभ लिनुहुन अनुरोध छ।

सिमा कार्की
सहायक बाली संरक्षण अधिकृत

"सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानता"
सम्पर्कः ०२७-५४०४४८
इमेल:agriculture.suryodayamun@gmail.com वेवसाइटः www.suryodayamun.gov.np